म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८१ शुक्रबार २६ माघ २०८० ने. सं. ११४४ पोहेलागा 9 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आगोले जलेर घाइते महिलाको मृत्यु

हेटौंडा, २५ माघ/भीमफेदी गाउँपालिकामा आगोमा जलेर गम्भीर घाइते भएकी एक महिलाको मृत्यु भएको छ । माघ १९ गते आफ्नै घरमा आगो ताप्ने क्रममा साडीबाट शरीरमा आगो लाग्दा घाइते भएकी भीमफेदी-६ तारगाउँकी स्थानीय ४५ वर्षीया पार्वती रम्तेलको कीर्तिपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आगोले जलेर गम्भीर घाइते भएकी रम्तेलको हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि कीर्तिपुर पठाइएको थियो । उनको उपचारको क्रममा बुधबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

## ९ भ्युटावर पालिकालाई हस्तान्तरणको तयारीमा प्रदेश सरकार

निशा गुरुङ

हेटौंडा, २५ माघ/बागमती प्रदेश सरकारले दृश्यावलोकनका लागि भनेर प्रदेशका नौ जिल्लामा करीब २४ करोड लगानीमा एक-एक वटा भ्यूटावर निर्माण सम्पन्न गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने अन्तिम तयारीमा छ ।

प्रदेश सकारको पर्यटकीय पूर्वाधारको प्रभावकारी सञ्चालन, दिगो व्यवस्थापन र समुचित उपयोगका लागि कार्यविधि निर्माण गरेर सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने अन्तिम तयारीमा लागेको हो । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलले पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदा सहमतिका लागि साउन ९ गते आर्थिक मामिला तथा योजना मन्त्रालय पठाएको छ ।

मस्यौदा स्वीकृत भएर आउनेबित्तिकै सम्बन्धित निकायलाई हस्तान्तरण गरिने मन्त्रालय अन्तर्गतका प्रशासन महाशाखाप्रमुख रमेश पौडेलले जानकारी दिए । पौडेलका अनुसार अब एकसाताभित्र अर्थ मन्त्रालयबाट पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदा सहमतिका लागि स्वीकृत भएर आईसक्ने र मन्त्रालयले सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने बताए ।

'हामीले २०७९ को मस्यौदा सहमतिका लागि साउन ९ गते आर्थिक मामिला तथा योजना मन्त्रालय पठाएका थियौं । अबको एक हप्ताभित्रै स्वीकृत भएर आउँछ ।,' उनले भने, 'त्यसलगत्तै हामी निर्माण सम्पन्न भएका भ्युटावर सम्बन्धित निकायलाई हस्तारन्तरण गर्नेछौं ।' मस्यौदामा निर्माणसम्पन्न भ्यूटावर स्थानीय तहलाई हस्तान्तरण गरिने



प्रावधान छ । स्थानीय तहले व्यवस्थापन गर्न नसके निजी क्षेत्रलाई र वन क्षेत्रमा बनेका भ्यूटावर सम्बन्धित सामुदायिक वनलाई व्यवस्थापनको जिम्मेवारी दिने योजना छ ।

पौडेलका अनुसार मस्यौदामा निर्माणसम्पन्न भ्यूटावर स्थानीय तहलाई हस्तान्तरण गरिने प्रावधान छ । स्थानीय तहले व्यवस्थापन गर्न नसके निजी क्षेत्रलाई र वन क्षेत्रमा बनेका भ्यूटावर सम्बन्धित सामुदायिक वनलाई व्यवस्थापनको जिम्मेवारी दिने प्रावधान छ । कार्यविधिको मस्यौदामा पर्यटन पूर्वाधार वा सम्पदा परिसर प्रवेशमा लाग्ने शुल्क लगायत स्थानीय तहले तोकेबमोजिम हुने र निजी क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी शुल्क निर्धारण गर्न सकिने उल्लेख छ ।

पूर्वाधारको सेवा शुल्कबाट प्राप्त रकमको कम्तिमा १० प्रतिशत पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासमा खर्च गरिनुपर्ने व्यवस्था छ । अधिकांश भ्यूटावर सम्बन्धित स्थानीय तहले नै चलाउने इच्छा देखाएका छन् । सिन्धुलीको कमलामाई नगरपालिका-४, च्याउकोट सिद्धबाबाका वडाध्यक्ष महेन्द्र ढकाल भ्यूटावर निर्माणसम्पन्न भइसकेको र प्रदेश सरकारबाट हस्तान्तरणपछि स्थानीय तहमार्फत चलाइने बताउँछन् ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्ममा ९ वटा भ्यूटावर बनाउन २३ करोड ८७ लाख ८८ हजार ७६८ रुपैयाँ खर्च गरेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, सिन्धुली, नुवाकोट, धादिङ र दोलखामा भ्यूटावर निर्माण गरिएको छ । उपत्यकाका तीन जिल्ला र चितवनमा भने भ्यूटावर निर्माण गरिएको छैन ।

प्रदेश सरकारले मकवानपुरको चित्लाङमा दुई करोड ९९ लाख ४१ हजार ८७३ रुपैयाँको लागतमा भ्यूटावर (हिल स्टेशन) निर्माण गरेको छ । नुवाकोटको ककनी हिल स्टेशन तीन करोड ३२ लाख ३२ हजार ६५९ रुपैयाँमा निर्माण गरिएको छ । सिन्धुपाल्चोकमा तीन करोड पाँच लाख २६ हजार ८७८ रुपैयाँमा भ्यूटावर निर्माण भएको छ । पर्यटन विकास आयोजना, हेटौंडाअन्तर्गत निर्माण भएका यी भ्यूटावर २०७६ सालमा सम्झौता भई २०७७ सालमा निर्माण सकिएका थिए ।

यस्तै, काभ्रेको रोशी भूमिचुलीमा दुई करोड १९ लाख ८१ हजार ६५३ रुपैयाँको लागतमा भ्यूटावर निर्माण गरिएको छ । रामेछापको गोगनपानी सुलीथुम्का खाँडादेवी-५ मा दुई करोड ६५ लाख ८६ हजार ३४७ रुपैयाँमा र सिन्धुली जिल्लाको सिद्धबाबा चुचुरोमा दुई करोड सात लाख ५५ हजार ९२० रुपैयाँमा भ्यूटावर निर्माण भएको मन्त्रालयले जनाएको छ । यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७८ मा निर्माण सम्पन्न भएका थिए ।

नुवाकोटको चिम्टेश्वरमा दुई करोड ७४ लाख ३८ हजार ७६८ रुपैयाँमा, धादिङको तोप्लाङमा दुई करोड १८ लाख ८९ हजार ६६९ रुपैयाँमा र दोलखाको जिरीमा दुई करोड ६४ लाख ३४ हजार ९९६ रुपैयाँको लागतमा भ्यूटावर निर्माणसम्पन्न भएका छन् । हिल स्टेशन भनिएका यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७९ मा निर्माणसम्पन्न भएका हुन् ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको पर्यटन विकास आयोजनाका प्रमुख रोशनकुमार श्रीवास्तवका अनुसार भ्यूटावरसँगै शौचालय र सभाहल पनि निर्माण भएका छन् । भौतिक संरचनाको प्रगति पूरा भएका यी भ्यूटावरमा लागत अनुमानको ९० प्रतिशत मात्र खर्च भएको छ । उनका अनुसार यो स्थान धार्मिक र पर्यटकीयस्थल भएकाले अहिले तराईतिरबाट आन्तरिक पर्यटक घुम्न आउने गरेका छन् ।

## सडक सवारीमैत्री नहुँदा दुर्घटना जोखिमः मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले नेपालको सडक सवारीमैत्री नहुँदा दुर्घटनाको जोखिम बढेको बताएका छन् । ट्राफिक सप्ताह २०८० को बिहीबार हेटौंडामा उद्घाटन गर्दै मन्त्री श्रेष्ठले नेपालको कतिपय सडक जोखिमयुक्त भएका कारण सडक दुर्घटना हुने गरेको बताए ।

मन्त्री श्रेष्ठले कतिपय अवस्थामा अज्ञानता र जानीबुझी ट्राफिक नियमको पालना नभएको बताए । उनले ट्राफिक नियमलाई गम्भीरतापूर्वक पालना गर्दा सवारी दुर्घटनालाई न्युनीकरण गर्न सकिने बताए । उनले लागुऔषध सेवन गरेर सवारी चलाउँदा पनि दुर्घटना बढ्ने गरेको उल्लेख गरे । सवारी साधनको नियमित चेकजाँच गराउनुपर्नेमा पनि मन्त्री श्रेष्ठले जोड दिए ।

मन्त्री श्रेष्ठले समुदायस्तरमा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने बताए । सडक दुर्घटना न्यूनीकरण गर्न आगामी पाँच वर्षभित्र बागमती प्रदेशका जोखिमयुक्त सडकमा




सिसिटीभी क्यामरा जडान गर्ने बताउँदै सडक दुर्घटना ५० प्रतिशत न्यूनीकरण गर्ने उद्देश्यका साथ जोखिमयुक्त सडकको पहिचान गरेर सिसिटीभी क्यामरा जडानको प्रक्रिया थालिने उनले जानकारी दिए ।

सडक दुर्घटना न्युनीकरणको लागि आगामी वर्ष सम्बन्धित सरोकारवाला निकायलाई समेत समेटेर एकीकृत विशेष योजना बनाउने समेत उनले प्रतिबद्धता व्यक्त गरे । मन्त्री श्रेष्ठले सवारी तथा यातायात व्यवस्था ऐनलाई आवश्यकता अनुसार संशोधन गरिने बताए । ट्राफिक प्रहरीलाई प्रविधिमैत्री बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको समेत मन्त्री श्रेष्ठले दाबी गरे ।

कार्यक्रममा बोल्दै श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले विद्यालयस्तरबाटै ट्राफिक सचेतना अनिवार्य र आवश्यक रहेको बताए । सडक अनुशासन, ट्राफिक नियम पालना गर्ने कुरा नैतिकता र जीवनरक्षासँग जोडिएको उनँको भनाइ छ । ट्राफिक प्रहरीलाई प्रविधिमैत्री बनाउन जोड दिर्दै प्रदेश सरकारले सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले सडक साँघुरो हुँदा दैनिक दुर्घटना हुने गरेकोमा चिन्ता व्यक्त गर्दै सडक अस्तव्यस्त हुँदा ट्राफिक व्यवस्थापनमा पनि चुनौती रहेको बताइन् । कार्यक्रममा आन्तरिक मामिला मन्त्रालयका सचिव ध्रुव गैंडा, बागमती प्रदेश प्रहरीप्रमुख विष्णुकुमार केसी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख बसन्त आचार्यलगायतको आतिथ्यता थियो ।

## खेल पत्रकारिता तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडामा विहीबारबाट दुईदिने खेल पत्रकारिता तालिम सुरु भएको छ । जिल्ला फुटबल संघ मकवानपुरको सहयोग तथा खेलकुद पत्रकार मञ्च मकवानपुरको आयोजनामा तालिम सुरु भएको हो ।

तालिमको एन्फा केन्द्रीय सदस्य एवम् जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टीकाराम लामाले उद्घाटन गरेका थिए । फुटबल खेलको नियम, प्राविधिक ज्ञान, समाचार लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरु, फुटबलको सर्वव्यापी मान्यता लगायत विषयमा दुईदिन प्रशिक्षण हुने उपाध्यक्ष सुवास विडारीले जानकारी दिए । तालिम शुक्रबारसम्म सञ्चालन हुनेछ । तालिममा मकवानपुरका ३५ जना पत्रकारको सहभागिता रहेको छ ।

पहिलो दिनको तालिमको सहजीकरण फुटवल खेलका विज्ञ सञ्जिव मिश्रले गरेका थिए । शुक्रबार रेडियो कान्तिपुरका सम्पादक पवन आचार्य र खेल पत्रकार प्रकाश तिमल्सिनाले फुटबल खेलको रिपोर्टिङको विषयमा सहजीकरण गर्नेछन् । नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुरका उपाध्यक्ष विडारीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाईंलगायतको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# जग्गा अधिग्रहण प्रक्रिया

अमेरिकी सहयोग नियोग एमसीसी (मिलेनियम च्यालेन्स कर्पोरेशन) परियोजना अन्तर्गत अनुदानबाट निर्माण हुने एमसीसी कम्याक्टको ४०० केभी उच्चक्षमताको विद्युत प्रसारण लाइन निर्माणका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाएको छ । उच्चषमताको विद्युत प्रसारण लाइन निर्माणका लागि छुट जग्गाको मुआब्जा लिन आउनका लागि प्रशासनले २१ दिने सूचना जारी गरेको हो । मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) ले मकवानपुरको साबिक नामटार, कालिकाटार (हाल कैलाश गाउँपालिका), हेटौंडा-३ र हेटौंडा-११ का जग्गाधनीलाई मुआब्जा लिन आउन प्रशासनमार्फत सूचना गरेको हो । साबिक बसामाडी गाविस, नामटार गाविस, कालिकाटार गाविस र हेटौंडा-११ को जग्गा अधिग्रहण गरिने जिल्ला प्रशासन कार्यालय मकवानपुले जनाएको छ । गत माघ १८ मा २१ दिने सूचना प्रकाशन गरी मुआब्जाका लागि निबेदन माग गरिएको हो । जग्गा प्राप्ती ऐन २०३४ को दफा ९ को उपदफा १ बमोजिम सूचना प्रकाशन गरेको प्रशासनले जनाएको छ । प्रशारण लाइनको टावर निर्माण गर्ने प्रयोजनका लागि अधिग्रहणमा परेको जग्गामा निर्माण भएका घरटहरा, अन्य संरचना, रुख बिरुवाको मुआब्जाका लागि निबेदन माग गरिएको हो ।

३१५ किलोमिटर लामो डबल सर्किटयुक्त ४०० केभी प्रसारण लाइन अन्तर्गत हेटौंडा-११ थानाभन्याङमा ४०० केभी क्षमताको 'इण्डोर ग्यास इन्सुलेटेड सब-स्टेसन' निर्माण गरिएको छ । एमसीए नेपाल विकास समितिको वेबसाइटमा उल्लेख गरिएअनुसार नुवाकोटको बेलकोटगढी नगर पालिकामा रातमाटे सब-स्टेसन, तनहुँमा नयाँ दमौली सब-स्टेसन र नवलपरासी पश्चिमको भुमहीमा नयाँ बुटवल सब-स्टेसन निर्माण गरिनेछ । आयोजना अन्तर्गत प्रसारण लाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडा-११ थानाभन्याङ सब-स्टेसनमा जोडिनेछ । झन्डै तीन हजार मेगावाट भन्दा बढी (विद्युत) बोक्ने ४०० किलो भोल्टको हाइ क्यापासीटी (प्रसारण) लाइन हो । यो काठमाडौंको उत्तरपूर्व लप्सीफेदीदेखि नुवाकोटको रातमाटे सब-स्टेसनसम्म र त्यहाँबाट दुईवटा लाइन एउटा हेटौंडा जान्छ भने अर्को दमौली जाने एमसिए नेपालले जनाएको छ । दमौलीबाट ८० किलोमिटर दक्षिणतर्फ गएर नवलपरासीस्थित नयाँ बुटवल सब-स्टेसनमा पुग्छ र २२ किलोमिटर अझै दक्षिण हुँदै भारतसँगको सीमामा पुग्छ । यस आयोजनाको प्रसारण लाइनसम्बन्धी अंश करिब ३१५ किमि लामो डबल सर्किटयुक्त ४०० केभी प्रसारण लाइन (केही क्वाड-सर्किट टावरसहित) हुनेछ । यसले नेपालका विभिन्न नदीक्षेत्र तथा विद्यमान उच्चक्षमतायुक्त ग्रीडबीच भइरहेको जोडाइको अभावलाई सम्बोधन गर्ने प्राधिकरणका अधिकारीहरुले बताएका छन् । प्रसारण लाइनको मार्गको छनोट होसियारीपूर्ण विश्लेषण तथा सम्भाव्यता अध्ययनका आधारमा गरिएको तथा सम्भाव्यता अध्ययनका क्रममा प्राविधिक एवम् आर्थिक गुणस्तर, नेपालको मध्यम एवम् दीर्घकालीन विद्युत् आपूर्तिसम्बन्धी लक्ष्य तथा नेपालको आन्तरिक तथा सीमापार प्रसारण लाइन बिस्तार योजनासँगको सामञ्जस्यतालाई दृष्टिगत गरिएको जनाइएको छ ।

विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको इण्डोर ग्यास इन्सुलेटेड सब-स्टेशन (जीआईएस) निर्माण गरिनेछ । नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेशन, तनहुँमा नयाँ दमौली सब-स्टेशन र नवलपरासी पश्चिमको भुमहीमा नयाँ बुटवल सब-स्टेशन निर्माण गरिनेछ । निर्माणाधीन प्रसारण लाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडा (थानाभन्याङ)स्थित नेपाल विद्युत् प्राधिकरणका विद्यमान सब-स्टेशनमा पनि जोडिनेछ । प्रसारण लाइनको रातमाटे-न्यू हेटौंडा रुटमा पर्ने गल्छी, थाक्रे, नीलकण्ठ, सिद्धलेक, गजुरी, बेनीघाटरोराङ स्थानीय तहका विभिन्न वडाको जग्गा अधिग्रहरण गरी संरचना निर्माण भइरहेको छ । ५ वर्षभित्र काम सम्पन्न गर्ने सम्झौतामा मिलेनियम च्यालेन्ज कर्पोरेसनले नेपाल सरकारसँग साझेदारी गरेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २७ गते शनिबार १० फेब्रुअरी २०२४ । प्रतिपदा, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४८, सूर्यास्त ५:५० । सोनाम ल्होसार । बल्लभ जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : यात्रामा अवरोध | **तुला** | : अहमपनले कार्यमा हानि |
| **वृष** | : व्यवसायमा सफलता | **वृश्चिक** | : शत्रु नाश |
| **मिथुन** | : मान हानिले खिन्नता | **धनु** | : परिवारमा कलह |
| **कर्कट** | : धर्मकार्यमा खर्च | **मकर** | : रोग नाश |
| **सिंह** | : न्यायिक कार्यमा सफलता | **कुम्भ** | : अशुभ समाचार सुन्नुपर्ने |
| **कन्या** | : मान्यजनबाट विवाद | **मीन** | : साझेदारी कार्यमा विवाद |

# सेनापछि प्रचण्ड सरकारको आँखा प्रहरीमा



✍रमेश खरेल

**फौजी संगठनको संवेदनशीलतालाई मनन् नगरी गरिएका हरेक कदम सरकार र राष्ट्रका लागि प्रत्युत्पादक हुने भएकाले कोही कसैको उक्साहट र दबाबमा नपरी सिङ्गो मुलुकको शान्ति सुव्यवस्था र न्यायका पक्षमा निर्णय लिन आवश्यक रहेको छ**

प्रधानमन्त्री पुष्पक्लम दाहाल 'प्रचण्ड'ले आफू निकै चलायमान छु भनेर बेलाबेलामा सार्वजनिक अभिव्यक्त दिने गर्नुहुन्छ । कुनै परम्परा, संस्कृति र संस्थाका मौलिकता, पहिचान र संस्कारलाई छिन्नभिन्न र अवरुद्ध गरियो भने त्यो महान् उपलब्धि हुन्छ, निरन्तरताको क्रमभङ्ग गर्नु दर्शन हो, त्यसले क्रान्तिलाई स्थापित गर्दछ भन्ने मनोभाव उहाँमा छ ।

समाज र राज्य संयन्त्रका स्थापित विधि, प्रक्रिया र मूल्यमान्यतामा निरन्तर प्रहार गरी भताभुङ्ग पार्न सरकारको नेतृत्वमा रहँदा उहाँ जहिल्यै अग्रसर रहनुहुन्छ । विषयको गाम्भीर्यतालाई स्व-अध्ययन र मनन् गर्नुभन्दा अरूको उक्साहटमा निर्णय गर्ने उहाँको आदतले हरेक निर्णय अकल्पनीय र अप्रत्याशित रहँदै आएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालमा अन्य नेताभन्दा पृथक् मनोविज्ञान छ । अन्य दलका नेताहरू मुलुकको कार्यकारी पदमा रहँदा राज्यका स्रोतसाधन आफूअनुकूल वितरण, ठेक्कापट्टामा आफ्ना मान्छेलाई सुम्पने र पार्टीका कार्यकर्ताको हित, कल्याणमा रकम खर्चने र राजनीतिक संगठन विस्तारमा राज्यको स्रोत दोहन गर्न प्राथमिकतामा राख्ने गर्दछन् ।

तर प्रचण्डको सोच पृथक् रहेको पाइन्छ । जब कार्यकारी पदमा पुग्नुहुन्छ, उहाँको प्राथमिकता सामरिक शक्ति अर्थात् फौजी संगठनका स्थापित मूल्यमान्यतालाई छिन्नभिन्न गर्ने उद्देश्य राख्नुहुन्छ । तसर्थ उहाँ ती फौजी संगठनको मूल्य, मान्यता, विधि र संरचना ध्वस्त तुल्याउनेमा केन्द्रित बन्नुहुन्छ ।

लडाकू सैन्य संरचना परिचालन गरेको अनुभवले उहाँको प्राथमिकतामा सैन्य संरचनामाथिको पकड र आफूअनुकूल तुल्याउन स्थापित मूल्य, मान्यता र मौलिकतामा हस्तक्षेप गरी नियन्त्रण गरी नयाँपन र अग्रगामी परिवर्तनका नाममा आफ्नो वादलाई स्थापित गर्ने अभिलाषा उहाँमा रहेको पाइन्छ ।

यसैको प्रारम्भमा २०६६ सालमा प्रथम पटक प्रधानमन्त्री हुँदा उहाँले प्रधान सेनापति रूक्माङ्गद कटवाललाई अपदस्थ गर्ने असफल प्रयास गर्नुभयो । त्यो निर्णयभित्र माओवादीका दुई वटा रणनीतिक उद्देश्य लुकेका थिए । प्रधान सेनापतिको बर्खास्तीले देशका सबै फौजी संगठनमा माओवादी अनुकूल बन्न र रोजाइमा पर्न सकेन भने जुनसुकै बेला माथिल्लो दर्जाका अधिकृतहरू अपदस्थ हुनेछन् र त्यसैले माओवादी अनुकूल हुनुको कुनै विकल्प छैन भन्ने पहिलो उद्देश्य थियो ।

दोस्रो, सेनापतिले संगठनको मौलिकता, परम्परागत मूल्यमान्यताको प्रतिनिधित्व गर्दै आएकोले ती निरन्तरतामा प्रहार हुन सक्यो भने नयाँपनका नाममा आफ्नो वादलाई स्थापित गर्न सकिने र नेतृत्व तहलाई हठात् पदच्युत गरियो भने अप्रत्याशित रूपमा पदोन्नति हुने अधिकृतहरू आफूप्रति कालान्तरसम्म अनुगृहीत तुल्याउन सकिने र अनुकूल परिचालन गरी विपक्षीहरूमाथि दबाब सिर्जना गर्ने रणनीति माओवादीमा थियो ।

यद्यपि यो निर्णय गर्ने क्रममा 'म उस्काहटमा थिएँ, तत्कालीन रक्षामन्त्री रामबहादुर थापा 'बादल' ले गलत रिपोर्टिङ गरेका थिए' भनेर ती कदमलाई अज्ञानमा भएका भन्ने पुष्टयाइँ गर्ने प्रयास प्रधानमन्त्री प्रचण्डले गर्नुभएको थियो ।

राज्यको कार्यकारी प्रमुखको तेस्रो कालमा अब उहाँको नजर नेपाल प्रहरीतर्फ परेको छ । संस्थाको स्थापित मूल्यमान्यता र विधि प्रक्रियालाई प्रतिगमनको अवशेषका रूपमा बुझेका प्रधानमन्त्रीले नेपाल प्रहरीको मौलिक इतिहास, गरिमामा प्रहार गर्न थालनी गर्नुभएको छ । समायोजनका नाममा नेपाल प्रहरीको इतिहासलाई अन्त्य गर्ने कार्यको थालनी भएको छ । विस्तारै व्यावसायिक छवि अभिवृद्धि गरी अनुसन्धानको क्षमता बढाउँदै गरेको प्रहरीलाई समायोजन गरी नेता र कार्यकर्ताको आज्ञाकारी फौजका रूपमा स्थापित गराउने प्रयत्नमा यो सरकार रहेको छ ।

उहाँको यस्तो कदमले मुलुकले ठूलो लगानी गरी परिचालन गरेको संगठित र अनुशासित जनशक्ति छिन्नभिन्न भई कानुनी मूल्यमान्यताभन्दा नेताहरूका तजबिजीले परिचालन हुने शक्तिका रूपमा रूपान्तरण हुनेछ । यसलाई उहाँले र सत्तासीन दलको सरकारले ठूलो उपलब्धि गरेको मान्दैछन् । कानुन, न्याय र व्यावसायिक निष्ठामा चलेको संगठनलाई अब राजनीतिक दलको आज्ञापालक संगठनका रूपमा स्थापित हुनुले साँच्चै न्याय र कानुनीराज स्थापित नहुने प्रस्ट देखिन्छ ।

म कुनै पूर्वाग्रही नभई, व्यवस्था विरोधी नभई राज्यमा सुशासन, कानुनी र व्यावसायिक संस्थाको पक्षमा मैले आफ्नो जीवन बिताएको छु । म यो मुलुकको जिम्मेवार नागरिक र राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समेत पुलिसिङ गरेको अनुभवका आधारमा मैले राष्ट्रिय सुरक्षाका चासो र चिन्ताबारे निरन्तर आवाज उठाइरहेको छु । यो मुलुकमा दण्डहीनताको अन्त्य, दरिलो आन्तरिक सुरक्षा व्यवस्था, कसुरको निष्पक्ष अनुसन्धान गर्ने व्यावसायिक प्रहरीलाई संस्थागत गर्न मैले निस्वार्थ अनुभव राख्ने गरेको छु ।

यसले पनि म मुलुकको कार्यकारी प्रमुख सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष विनम्रतासाथ अनुरोध गर्दछु- सर्वप्रथम नेपाल प्रहरीको समायोजन गर्नुपूर्व विद्यमान ऐन, कानुनलाई अध्ययन गर्न आग्रह गर्छु । ऐनमा भएका व्यवस्थाले प्रमुख जिल्ला अधिकारी वा स्थानीय प्रशासन प्रदेश सरकार मातहत रहने व्यवस्था गरेको छैन । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति सुरक्षा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा हुने कानुनी व्यवस्था गरेको छ ।

तसर्थ के साँच्चै प्रदेशको शान्ति सुरक्षा सुदृढ र मतबुत बनाउन प्रहरी समायोजन गर्न लागिएको हो ? प्रमुख जिल्ला अधिकारी, संघीय कर्मचारी र प्रदेश प्रहरी प्रदेश सुरक्षाकर्मीलाई यो अवस्थामा कसरी सुरक्षा व्यवस्थापन गर्न लागिएको हो ? प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको फरक-फरक भूमिका वा दृष्टिकोण हुन जाँदा जिल्लाको सुरक्षा अवस्था कस्तो हुने हो ? यस विषयमा मनन गर्न म अनुरोध गर्दछु ।

प्रदेश सरकारलाई जिल्लाहरूमा शान्ति सुरक्षा गर्ने स्थानीय प्रशासन चाहिएको होइन, केवल सलामी, गुलामी र सत्तासीन दलका अधीनस्थ शक्ति र आफूअनुकूल नियोजित रूपमा परिचालन हुने वैधानिक फौज मात्र चाहिएको हो ।

यसका साथै म प्रधानमन्त्रीज्यूलाई प्रहरी समायोजन गर्न केही तथ्यहरू स्मरण गराउन चाहन्छु ।

प्रहरी समायोजन गर्दा प्रदेशमा प्रहरी परिचालनको लागि खटाइने उद्देश्य हो भने त्यहाँ किन सिडियोलाई समायोजन गर्न सकिँदैन ? एकल प्रहरीले मात्र शान्तिसुरक्षा कायम गर्न सक्छ ? स्थानीय प्रशासन ऐनको मान्यताबमोजिम प्रदेश प्रहरीले गर्ने कार्यको जवाफदेहिता कसले लिन्छ ? बल प्रयोग गर्दा प्रदेश मन्त्रालयले त्यसको जिम्मा लिने अवस्था हो भने सिद्धान्ततः त्यो कानुन विपरीत हुन्छ । मन्त्रालय प्रत्यक्षतः शान्तिसुरक्षा वहाल राख्ने जिम्मेवारीमा रहने अभ्यास छैन ।

यसैगरी विस्तृत शान्ति सम्झौता बमोजिम सत्य निरुपणमा लगेर मेलमिलाप मार्फत समाधान गर्नुपर्ने कैयन् घटना छन् । कैयन् मुद्दाहरू दर्ता भई अनुसन्धानका चरणमा छन् । शान्ति प्रक्रियाको यो चरण सम्पादन पूर्व प्रहरी समायोजनको उपयुक्त हुनेछैन । समायोजनसँगै हामीले कल्पना गरेको प्रदेश प्रहरी प्रदेशका सत्तासीन दलका आज्ञापालक संगठित फौज भएकाले कतै तपाईं र तपाईंको दलप्रति पूर्वाग्रही राख्ने दलको निर्देशनमा द्वन्द्वका ती मुद्दाहरू उठान गरी कानुनी प्रक्रिया आरम्भ गर्ने खतरा त हुने छैन ? प्रदेशमा प्रहरी समायोजन गर्न मुख्यमन्त्रीहरूको दबाब केवल शान्तिसुरक्षा वहाल राख्न होइन, उहाँहरूको त्यो अपेक्षा हो भने समग्र स्थानीय प्रशासनलाई प्रदेश मातहत राख्न पैरवी गर्नुहुन्थ्यो । उहाँहरूको उत्कट अभिलाषा प्रदेशको शान्तिसुरक्षा कायम राख्ने होइन, प्रहरी आफ्नो वरिपरि घुम्ने, चाकडी गर्ने र सरुवा-बढुवा गरेर प्रदेश सरकारको भक्तिभाव गर्ने शक्ति चाहियो भन्ने हो । प्रदेशमा समायोजन हुने प्रहरीले अब जनताको घरदैलोमा गएर काम गर्ने छैनन्, हरदिन स्कर्टिङ र समारोहस्थलमा सुरक्षा गर्दैमा व्यस्त रहन्छन् । ती आम जनताको प्रहरी नभई नेता र दलका प्रहरी हुन पुग्नेछन् ।

प्रधानमन्त्रीज्यू अहिले पनि प्रदेशमा रहेका प्रहरी प्रमुखले प्रदेश सरकारसँग समन्वय गरेर अपराध अनुसन्धान तथा शान्तिसुरक्षा बहाल राख्ने काम गर्दै आएका छन् जुन उत्कृष्ट छ । मुलुकभरको शान्तिसुरक्षा ज्यादै चुस्त रहेको छ, यसले सरकारको सुशासन र मानवअधिकारको संरक्षण, सम्वर्धनका लागि ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । हालै मात्र प्रकाशित रुल-अ-इन्डेक्स-२०२३ मा नेपाल विश्वको ७२औं स्थानमा र दक्षिण एसियामा कानुनको शासन वहाल राख्ने पहिलो राष्ट्र बन्न पुगेको छ, यो हाम्रो उपलब्धि पनि हो ।

हामी समायोजनमा गयौं भने कानुनी शासनभन्दा पनि व्यक्तिगत स्वेच्छाचारिता र पूर्वाग्रही प्रहरी संगठनद्वारा कानुन कार्यान्वयन हुने निश्चित छ ।

प्रधानमन्त्रीज्यू समायोजन हतियारधारी संगठित फौजको विग्रह गर्नु हो, यो ज्यादै संवेदनशील विषय हो । एक हतियारधारी फौजले अर्को सुरक्षा फौजलाई सहयोगलाई सहयोग नहुँदा हामीले भोगेको कैलाली घटनाको पीडा आलै छ । तसर्थ फौजलाई जति विग्रह गरियो चुनौती थपिँदै जाने हो र त्यसले समग्रमा राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई बढाउने निश्चितप्रायः छ ।

यसैगरी प्रदेश सरकारको प्राथमिकता अनुरूप कानुन कार्यान्वयन र नीति तथा कार्यक्रम कार्यान्वयन हुँदा राष्ट्रिय हित, एकता र अखण्डतामा आघात पुग्न जान सक्ने सम्भावनालाई मनन् गर्नु जरुरी छ । यसर्थ, प्रहरीलाई प्रदेशमा समायोजन गर्नुभन्दा पनि व्यावसायिक र क्षमतावान् तुल्याई नेपाल प्रहरीलाई प्रदेश सरकारसँग समन्वय, सहकार्य गरी प्रदेश सरकारका नीति कार्यक्रम कार्यान्वयन गर्ने संयन्त्रका रूपमा जिम्मेवारी तोकिई परिचालन गरिएमा मुलुकको हित, आन्तरिक सुरक्षाको सुदृढता, राष्ट्रिय अखण्डताको प्रत्याभूति हुनेछ ।

अन्त्यमा फौजी संगठनको संवेदनशीलतालाई मनन् नगरी गरिएका हरेक कदम सरकार र राष्ट्रका लागि प्रत्युत्पादक हुने भएकाले कोही कसैको उक्साहट र दबाबमा नपरी सिङ्गो मुलुकको शान्ति सुव्यवस्था र न्यायका पक्षमा निर्णय लिन आवश्यक रहेको छ ।

*(साभार: अनलाइनखबर)*

# एनआरएनएको त्यो स्वर्णिम समय र अहिलेको सन्नाटा



✍डिलु पराजुली

नेपालको विकास र समृद्धिमा योगदान दिन र देशबाहिर रहेका नेपाली र नेपालीमूलका गैरआवासीय नेपालीको पक्षमा काम गर्न खडा भएको संस्था दुई दशकमै तहसनहस र छिन्नभिन्न भएको छ । गैरआवासीय नेपाली संघ एक हुनुपर्नेमा किन दुईबाट तीन टुक्रा भयो भन्ने सामान्य चासो र चिन्ता समेत धेरै गरै आवासीय नेपालीहरूमा देखिँदैन ।

देशको एक चौथाई जनसंख्या अध्ययन, रोजगारी, अवसरको खोजी र बसाईं सराईं गर्दै देश बाहिर गएको छ । यसको ठूलो हिस्साले आफ्नै हक अधिकार र हितका लागि खुलेको संस्थाको नाम पनि सुन्न नचाहने विडम्बना पूर्ण अवस्था सिर्जना भएको छ । चासो राखिरहेको सानो संख्या पनि संस्था स्थापनाको उद्देश्य, लक्ष र मूल मुद्दाबाट विमुख हुँदै आफ्नो समूहको वैधानिकताको वकालत गर्ने सा-सानो झुन्डमा परिणत भएका छन् ।

### सुनौलो विगतको दुःखद अवसान

विदेशमा आर्थिक प्रगति गरेका र नेपालमा लगानी गर्न चाहेका केही रसियामा व्यापार गरिरहेका अग्रजहरूको चाहना र चासोमा यो संस्था स्थापना भएको सबैलाई थाहा छ । नेपाललाई सम्मृद्ध बनाउने रहर, विभिन्न मुलुकमा छरिएका नेपालीहरूलाई गोलबद्ध गर्दै नेपालसँग जोड्ने अभियान थियो ।

देशबाहिर बस्ने नेपालीहरूको हक हितमा काम गर्नुपर्ने आवश्यकता र बाध्यता, सामाजिक परोपकारी भावना जस्ता पवित्र उद्देश्य राखिएका कागजी दस्तावेजसँगै व्यापार र अन्तर्राष्ट्रिय कारोबारको भित्री स्वार्थ पनि घुसेको थियो कि थिएन ? कुन कुन स्वार्थले संस्थालाई धराशायी बनाउन कसरी काम गऱ्यो भन्नेमा अर्को सन्दर्भमा चर्चा गरौंला ।

सगरमाथाको उचाइ छुन अघि बढेको टिम एनआरएन तेस्रो क्याम्पमा पुग्दै गर्दा अगाडि पछाडिको हिम पहिरो र बेजोड तुफानका धक्कासँग जोगिएर अघि बढ्नुपर्नेमा आपसमा भिडन्त गरेर पछारिँदै बेस क्याम्प भन्दा तल पुगेका छन् । छिन्नभिन्न भएर चिसोमा कठाङ्गिएको सबै समूहको धुकधुकी मात्र बाँकी छ । गैरआवासीय नेपाली संघको नाम जपिरहेका जुनसुकै समूहलाई उद्धार गर्ने, जोगाउने र बचाउने प्रयत्न जे भए पनि विश्वासको पुरानो त्यो उचाइ हासिल गर्न अब सम्भव छैन ।

२००३ मा स्थापना भएको यो संस्था करिब ८ वर्ष नाम र भावनामा मात्र चल्यो । संस्था कहीँ दर्ता गरिएन । व्यवस्थित र मजबुत गराउने संस्थागत संरचना खडा गर्ने काम भएन । गैरआवासीय नेपालीहरू भावनात्मक रूपमा नेपालसँग जोडिने भन्दै नामको मात्र संस्था बन्यो । सन् २०११ तिर मात्र गैरआवासीय नेपाली संघ विधिवत् रुपमा दर्ता भयो । शुरुवाती दिनमा नै यो संस्था ठूलो र प्रभावशाली हुँदा भविष्यमा समस्य आउन सक्छ भनी सोचेको देखिएन ।

एनआरएनए स्थापनादेखि विदेशमा कमाएको ठूलो लगानी स्वदेश आउने, विकासको मूल फुटाउने, रोजगारी र नयाँ अवसरमा बहार ल्याउने, आपत् विपतमा सहयोगको थाक लगाउने, अन्तर्राष्ट्रिय स्तरमा काम गरेका अनुभवी र विज्ञको सहभागितामा नेपाललाई रूपान्तरण गर्ने नीति योजना बनाउन स्टार होटेल, मन्त्रालय र संसदमा बौद्धिक बहसको चर्चा र हल्लाखल्लाले देशभित्र र बाहिर बस्ने सबै नेपालीलाई आकर्षित गर्यो । छोटो समयमा नै एउटा ठूलो शक्ति केन्द्र बन्न पुग्यो एनआरएनए ।

### धान्न नसकिएको क्रेज

होटेल, रेष्टुराँ, हाइड्रो पावर, हवाई क्षेत्र, शिक्षा, स्वास्थ्य, सञ्चार गृह, बैङ्क र वित्तीय क्षेत्र सबैमा एनआरएनबाट भएका लगानीको बखान हुन्थ्यो । नेपालको आकाश जमिन र पानी सबैमा एनआरएनको दबदबा देख्दा नेपाल छिटै संसारका विकसित देशको हाराहारीमा पुग्छ भन्ने धेरैलाई लागेको थियो ।

एनआरएनएका नेताहरूलाई खाँदा माला र सम्मान दिनेहरूको लर्को लाग्थ्यो । यतिसम्म कि त्यसबेला नेपालका उच्च सरकारी पदमा रहेका व्यक्तिहरू, सांसद र मन्त्रीहरूले समेत एनआरएनएका नेताहरूसँग आफ्नो दह्रो र भित्री सम्बन्ध रहेको देखाएर आफू देश विदेशमा प्रभावशाली रहेको र केही गर्न सक्ने क्षमता छ भन्ने सन्देश आमसमुदायमा दिन चाहन्थे । नेपालका गाउँ ठाउँको विकासमा देश, विदेश र एनआरएनएको लगानी ल्याएर समृद्ध बनाउने चुनावी भाषण जताततै सुनिन्थ्यो ।

सन् २०१५ को विनाशकारी भूकम्पले नेपालमा ठूलो मात्रामा धनजनको क्षति भएको पीडादायी अवस्थामा शेष घलेको नेतृत्वमा रहेको एनआरएनएको सक्रियतामा भएका राहतका काम र घोषणाले धेरैमा भरोसा जगायो । त्यही समयमा भारतले नेपालमाथि गरेको नाकाबन्दीविरुद्धमा विश्वभर जनमत निर्माण गर्न पनि एनआरएनएले ठूलो भूमिका खेल्यो । जसका कारण आमनेपालीले नेपालका लागि एनआरएनएलाई अपरिहार्य शक्तिको रूपमा लिए । एनआरएनएका अध्यक्षले नेपालमा एउटा मन्त्रीको भन्दा पनि बढी महत्त्व र सम्मान पाउन थालेका थिए ।

संस्थापकहरूले नसोचेको 'क्रेज' एनआरएनएमा थपिँदै जादा संस्थामा आफ्नो प्रभाव कायम राख्न र जसरी पनि पदमा पुग्न र टिक्न चाहनेहरूको चलखेल सुरु भयो । देशका राजनीतिक शक्ति केन्द्र र सरकारको समेत हस्तक्षेप र दबाब पर्न थाल्यो । एनआरएनएमा घुसेका राजनीतिक पृष्ठभूमि भएकाहरूले व्यवसायी र व्यापारीको आडमा संस्थाभित्र राम्रो काम गर्न चाहनेहरूलाई पाखा लगाउन थाले ।

संस्थाका सबै पञ्जीकृत सदस्यहरूको विवरण र महाधिवेशन प्रतिनिधिको नाम फेर बदल गरेर संस्था कब्जा गर्ने हर्कत हुन थाल्यो । त्यसलाई रोक्न भनेर पछिल्लो समय भित्र्याएको प्रविधिको दुरुपयोग गरेर संस्था कब्जा गर्ने काम झनै सहज ढङ्गले भएका छन् । एमआइएस सिस्टम र भेरोको नाम कसरी एनआरएनएको गर्विलो इतिहास समाप्त पार्ने खेल भयो भन्ने धेरैले बुझिसक्नु भएको छ । यस विषयमा अरू आलेखमा चर्चा गर्ने छु । महाधिवेशन नै पिच्छे संस्था दुर्घटनामा पर्दै जाने र निराशा थप्नेबाहेक केही भएको छैन । विगतको त्यो स्वर्णिम समयको एनआरएनलाई एकपछि अर्को खराब कदम र चलखेल गर्नेहरूले मसानघाट जस्तो बनाइदिएका छन् । सबै खराब कर्तुतहरूलाई केलाएर फाल्दै अगाडि बढ्न एउटा निष्पक्ष आयोग गठन गर्नु जरुरी छ । देश बाहिर र भित्र रहेका सबै नेपालीको चाहना अनुरूप अघि बढ्ने हो भने एउटै एनआरएनए बनाउनु जरुरी छ । एकताबद्ध भएको एनआरएनएले गैरआवासीय नेपालीका आशा र अपेक्षालाई सम्बोधन गर्न सक्छ ।

(साभार:बाह्रखरी)

# अख्तियार पुगेर मन्त्री बस्नेतले दिए बयान

काठमाडौं/स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेर बयान दिएका छन् । नेपाल दूरसञ्चार प्राधिकरणको टेरामक्स प्रणाली खरिद अनियमिततामा जोडिएका बस्नेतले मंगलबार अपराह्न अख्तियार कार्यालय टंगाल पुगेर बयान दिएका हुन् ।



'कार्यालय समय सकिएपछि आउनुभएको थियो, रातिसम्म बसेर बयान दिएर जानुभयो', अख्तियार उच्च स्रोतले भन्यो, 'पटकपटक बोलाउदासमेत बयान दिन अस्वीकार गरेपछि असहयोग गरेमा सुनिल पौडेल र विकल पौडलको प्रक्रिया अपनाउनुपर्ने हुनसक्छ भनेर उहाँलाई चेतावनी दिइएको थियो, त्यसपछि बयानका लागि आउनुभएको हो ।'

गैरकानुनी सम्पत्ति आर्जनको आरोपमा अख्तियारले हालै नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सनिल पौडेल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेललाई पक्राउ गरेको थियो ।

बहालवाला मन्त्रीको बयानबारे अख्तियारका पदाधिकारीहरु औपचारिक प्रतिक्रिया दिन चाहदैनन् । अख्तियारका प्रवक्ता नरहरि घिमिरेले भने, 'अघिसम्म म अफिसमा थिए, यहाँ त को बयान दिन आयो, को अरु कामले आयो, केही पनि थाहा हुँदैन । सबै काम गोप्य हुन्छ ।'

बयानबारे प्रतिक्रिया लिन खोज्दा मन्त्री बस्नेतले फोन उठाएनन् । स्वास्थ्यमन्त्री बस्नेत ०७४ सालमा सञ्चारमन्त्री हुँदा नेपाल दूरसञ्चार प्राधिकरणको 'टेरामक्स प्रणाली' खरिद सम्बन्धी विवादमा मुछिएका थिए । कर्मचारी तहबाट प्रस्ताव नै नआएको अवस्थामा बार्षिक कार्यक्रम स्वीकृतिका लागि आएको फाइलमा मन्त्री बस्नेतले 'टेरामक्स' प्रणाली स्थापना गर्ने निर्णय घुसाएका थिए ।

नेपाल दूरसञ्चार प्राधिकरण सम्वद्ध स्रोतका अनुसार, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झा टेरामक्स प्रणाली स्थापनाका लागि स्वार्थ समूहको प्रभावमा परिसकेको अवस्थामा मन्त्री बस्नेतले त्यसलाई अनुकुल हुने नीतिगत निर्णय गरेका थिए ।

प्राधिकरणबाट सोझै निर्णय गर्दा प्रश्न उठ्ने भएपछि झाले तत्कालीन सञ्चारमन्त्री बस्नेतलाई त्यसबारेमा नीतिगत निर्णय गर्न आग्रह गरेका थिए । तत्कालीन सचिव महेन्द्रमान गुरुङले असोज, २०७४ मा अघि बढाएको प्रस्तावमा टेरामक्स प्रणाली खरिद गर्ने विषय समावेश थिएन । अख्तियार स्रोतले भन्यो, 'स्वार्थ समूहको प्रभावमा परेका उनले तल्लो तहबाट प्रक्रिया अघि बढाउन पनि जरुरी देखेनन्, सोझै निर्णय गरे ।'

२३ भदौ २०७४ मा मन्त्री बस्नेतले आफै 'इन्टरनेशनल कल मोनिटरिङ र भीओआईपी (भ्वाइस ओभर इन्टरनेट प्रोटोकल) नियन्त्रणका लागि उपयुक्त इक्विपमेन्ट र सिस्टम सञ्चालन गर्ने' भनी निर्णय गरेका थिए । निर्णय प्रक्रियामा फाइल अघि बढाएका तत्कालीन राज्यमन्त्री तप्तबहादुर विष्टको मृत्यु भइसकेको छ ।

त्यस बेलाको निर्णयका कारण स्वास्थ्यमन्त्री रहेका बस्नेतले यति बेला बयान दिनुपरेको हो । तत्कालीन सचिव गुरुङ हाल राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्त छन्, बस्नेतपछिका टेरामक्सबारेको अर्को निर्णयमा जोडिएका सचिव गुरुङसहित तत्कालीन मन्त्री गोकुल बास्कोटाले पनि अख्तियारमा गएर बयान दिइसकेका छन् ।

मन्त्री बस्नेतले गरेको निर्णय नै नेपाल दूरसञ्चार प्राधिकरणलाई टेरामक्स प्रणाली खरिद प्रक्रिया कार्यान्वयन गर्ने आधार बनेको थियो । सञ्चार मन्त्रालयबाट पत्र पाएको भोलिपल्ट (१८ असोज २०७४) मा प्राधिकरणले सञ्चालक समितिको बैठकबाट 'टेरामक्स प्रणाली राख्ने काम अघि बढाउने' भनेर निर्णय गरेको थियो ।

आर्थिक वर्ष २०७४/०७५ मा नेपाल दूरसञ्चार प्राधिकरणले आफ्नो बजेटबाट प्रणाली स्थापना गर्ने भनेको थियो । त्यतिबेला टेरामक्स नभनी अन्तर्राष्ट्रिय कलको मनिटरिङ, कल बाइपास नियन्त्रणका लागि एन्टी फ्रड प्रणाली अघि बढाउने भनिएको थियो ।

२३ भदौ २०७४ मा मन्त्री बस्नेतले दूरसञ्चार प्राधिकरणको वार्षिक बजेट स्वीकृत गरिएको भनी लेखेका छन् । त्यही निर्णयमा एउटा वाक्य घुसाउदै उनले थपेका छन्, 'यसका साथै इन्टरनेशनल कल मनिटरिङ र भीओआइपी (भ्वाइस ओभर इन्टरनेट प्रोटोकल, जसलाई बोलीचालीको भाषामा कल बाइपास भनिन्छ), नियन्त्रणका लागि उपयुक्त इक्वीपमेन्ट र सिस्टम सञ्चालन गर्ने ।'

त्यही निर्णयमा अरु विवरण थपेर उनले सातवटै प्रदेशका २/२ वटा जिल्लाका विद्यालयमा आईसीटी परियोजना सञ्चालनको निर्णय पनि थपेका छन् । दूरसञ्चार प्राधिकरणले अघि सारेको कार्यक्रममा उनले थप चार वटा आफ्ना कार्यक्रम थपेका छन्, जसमा टेरामक्स प्रणाली स्थापनाको विषय समेत परेको छ । प्राधिकरण स्रोतले भन्यो, 'मन्त्रीको त्यही निर्देशन देखाएर प्रक्रिया अघि बढेको हो ।'

त्यतिबेला दूरसञ्चार प्राधिकरणले १६ अर्ब ३३ करोड १७ लाखको बजेट स्वीकृत गरेको थियो, जसमध्ये ५ अर्ब ८४ करोड रुपैयाँ प्राधिकरणको बजेट थियो भने बाँकी १० अर्ब ४९ करोड रुपैयाँ ग्रामीण दूरसञ्चार कोषबाट ब्यहोर्ने भनी निर्णय गरिएको थियो ।

**बहालवालाले बयान दिएको दुर्लभ घटना**

भ्रष्टाचारको आरोपमा बहालवाला मन्त्रीले बयान दिएको अख्तियारको साढे चार दशकको इतिहासमा यो दुर्लभ घटना हो । यसअघि सर्वोच्च अदालतले गैर कानुनी सम्पत्तिआर्जनको अभियोगमा दोषी ठहर गरेपछि सञ्चारमन्त्री जयप्रकाश गुप्ता सर्वोच्च अदालत परिसरबाटै पक्राउ परेका थिए ।

विशेष अदालतले सफाइ दिएको आधार देखाउदै मन्त्री भएका उनलाई सर्वोच्च अदालतले पदमै बहाल रहेको अवस्थामा दोषी ठहर गरेको थियो । ९ फागुन २०६८ न्यायाधीशहरु सुशीला कार्की र तर्कर ाज भट्टको इजलासले उनलाई डेढ वर्ष कैद सजाय तोकेको थियो ।

एमाले सांसद रघुजी पन्त पञ्चायतकालदेखि आजसम्म पदमा बहाल रहेको मन्त्री झण्डा हल्लाउदै अख्तियारमा बयान दिन गएको उदाहरण नभएको बताउँछन् । अरु सामान्य विषयमा विवाद हुँदा समेत मन्त्रीले राजीनामा दिएको उदाहरण पेश गर्दै उनले भ्रष्टाचारको आरोप लागेको मन्त्री पदमा बसिरहनु कुशासनको नमुना भएको बताए ।

'मन्त्रीलाई अख्तियारले बोलाउनु भनेको भ्रष्टाचारमा छानबिन हुनु हो । छानबिनमा परेपछि पदबाट राजीनामा दिनुपर्ने हो', सांसद पन्तले भने, 'प्रधानमन्त्री प्रचण्डजीले त्यस्तो मन्त्रीलाई हटाउन सक्नुभएन । छानविनमा परेको र बयान दिएको मन्त्रीलाई पदमा र झन् प्रधानमन्त्रीले सुशासनको गफ दिनु हास्यास्पद हो ।'

अडियो टेप सार्वजनिक हुनासाथ गोकुल बाँस्कोटाले राजीनामा दिएको अनि कानुनमन्त्री शेरबहादुर तामाङको अभिव्यक्तिलाई लिएर राजीनामा मागिएको उदाहरण रहेको भन्दै उनले भ्रष्टाचार उजुरीमा बयान दिएको मन्त्री पदमा बस्नै नमिल्ने उनको तर्क छ ।

सांसद पन्तले भने, 'उहाँमाथि अहिले छानबिन मात्रै भएकाले नैतिकतामा आधारमा पद छाड्नुपर्छ । अख्तियारले मुद्दा चलाउन आवश्यक नदेखे भोली फेरि मन्त्री बनाए भयो । अदालतले निर्दोष ठहऱ्याएपछि फूलमाला लगाएर हिँडे पनि भयो । तर अहिले राजीनामा दिनुपर्छ ।'

**निर्णय वार्षिकोत्सवपछि**

आगामी आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो वार्षिकोत्सव मनाउदैछ । त्यो कार्यक्रमका लागि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाललाई अतिथि डाकिएको छ ।

'वार्षिकोत्सव कार्यक्रममा प्रधानमन्त्रीलाई बोलाएर त्यसको पूर्वसन्ध्यामा उनैको मन्त्रीबारे निर्णय गर्नु शोभनीय पनि हुदैन, त्यतिञ्जेल आयोगले धैर्य गर्छ', अख्तियार स्रोतले भन्यो, 'वार्षिकोत्सवपछि अनुसन्धान अधिकृतले राय सहितको प्रतिवेदन पेश गर्छ, त्यसपछि मात्रै थप निर्णय होला ।' *(स्रोत: अनलाइनखबर)*

# 'गोर्खा वारियर' गीतमा गोर्खा सैनिकको बखान

काठमाडौं/मिलन चाम्सको निर्देशनमा तयार भएको फिल्म 'गोर्खा वारियर'को 'जय जय गोर्खाली' बोलको गीत सार्वजनिक गरिएको छ । गोर्खा सैनिकको बहादुरीको बखान गरिएको गीतमा राजेशपायल राईको स्वर, पूर्व आईजीपी शैलेन्द्र खनाल (शदर)को शब्द तथा एलिस कार्कीको संगीत छ । फिल्मभित्रको द्वन्द्वका दृश्य समावेश गरिएको गीतले फिल्मको कथा बोल्ने निर्देशक चाम्सले बताएका छन् ।




आगामी फागुन ११ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको यो फिल्ममा विजय लामा, रितेश चाम्स, शिशिर वाङ्देल, रेविका गुरुङ, रियर राई, सारा राई, कविता आले, सुरज तमु, विरुप गोले, सरोज खालिङ, सुमिन गुरुङ, त्रिचु राई लगायतको अभिनय छ । सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर फिल्म बनेको हो ।

गत भदौमा बेलायतस्थित प्रतिष्ठित 'आइम्याक्स सिनेवर्ल्ड'मा प्रिमियर गरिएको फिल्मको आगामी फागुन ५ गते लाहुरेको सहर भनेर चिनिने धरानमा पनि प्रिमियर गरिँदैछ । त्यसपछि पोखरामा र फागुन ९ गते काठमाडौंमा प्रिमियर गर्ने निर्देशक चाम्सको योजना छ । हिन्दी र अंग्रेजी भाषामा पनि तयार भएको फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा एक अमेरिकी कम्पनीले वितरण गर्ने जनाइएको छ ।

निर्देशक चाम्स र गिरीराज घिमिरेको संयुक्त लेखन रहेको फिल्मको निर्मातामा सुमन राई र सुस्मिता वाइवा छन् भने प्रशान्त थापा र राजेन्द्र घिमिरे कार्यकारी निर्माता हुन् । सुरेश राई सह-निर्मातामा छन् । फिल्ममा सुदीप बरालको डीओपी, हिमाल केसीको द्वन्द्व निर्देशन र मिलन श्रेष्ठको सम्पादन रहेको छ । निर्देशक चाम्सले विश्वलाई गोर्खाली सैनिक चिनाउन फिल्म बनाएको बताएका छन् ।

# 'हात्तीछाप'लाई देशभित्रै २ सय शोज, बम्पर ओपनिङको अवसर

काठमाडौं/आज शुक्रबारबाट प्रदर्शन हुन लागेको मल्टीस्टारर फिल्म 'हात्तीछाप'ले स्वदेशी (दयारानी) र विदेशी (तेरी बातों मे ऐसा उल्झा जिया) फिल्मको बावजूद पनि मल्टीप्लेक्सहरुमा सुखद् शोज प्राप्त गरेको छ । फिल्मले देशभरका मल्टिप्लेक्समा गरेर कूल १६४ शोज र सिंगल थिएटर समेत जोड्दा लगभग २ सय शोज पाएको वितरक कम्पनी आरआर फिल्म्सले दाबी गरेको छ ।



देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले काठमाडौं उपत्यकामा १५ र मोफसलमा २३ गरी फिलमलाई पहिलो दिन ३८ शोज उपलब्ध गराएको छ । त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआई सिनेमाजले १५ शोज र वान् सिनेमाजले नयाँ बानेश्वर र कालिमाटीमा गरेर १० शोज प्रदान गरेको छ । अन्य मल्टीप्लेक्सले पनि फिल्मलाई उपलब्ध गराएको शोज संख्या सुखद् देखिन्छ ।

प्राप्त शोजको आधार लाई फिल्मलाई बम्पर ओपनिङको अवसर छ । 'स्टारकास्ट' बलियो भएकाले कात्तिक महिनायता सुस्ताएको बजारलाई 'हात्तीछाप'ले चलायमान बनाउने अपेक्षा गरिएको छ । फिल्मलाई बक्स अफिसमा लामो रेसको घोडा बन्न भने अब्बल 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ । मंगलबार काठमाडौंमा भएको प्रिमियरमा फिल्मले सुखद् प्रतिक्रिया प्राप्त गरेको थियो ।

सिमोस सुनुवारको निर्देशन र किरण नेपालीले प्रस्तुति रहेको फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, कमलमणी नेपाल, बिजय बराल, पुष्कर गुरुङ, वुद्धि तामाङ, सुष्मा निरौला, विल्सन विक्रम राई आदिको अभिनय छ भने अभिनेता दीपकराज गिरी केमियो भूमिकामा छन् । फिल्मले सामाजिक र राजनीतिक परिवेशमा आधारित भएर कथा भनेको छ ।

# बाँसबारीको विवादित जग्गा फिर्ता ल्याएर चौधरीलाई उन्मुक्ति दिने तयारी

काठमाडौं/सिजी चाँदबाग रेसिडेन्सीको नाममा पुगेको बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा फिर्ता ल्याएर अभियुक्तहरुलाई उन्मुक्ति दिन सरकारले प्रक्रिया थालेको छ । बिहीबार भूमिसुधार तथा मालपोत कार्यालय काठमाडौंले चाँदवाग रेसिडेन्सी प्रालि (तत्कालीन च्याम्पियन फुटवेयर प्रालि) सञ्चालक समितिका अध्यक्ष सञ्जय ठाकुरलाई म्याद बुझाएको छ ।




जग्गा हिनामिना गरेको आरोपमा पक्राउ परेका सीजी चाँदबाग रेसिडेन्सीका अध्यक्ष ठाकुर, सञ्चालक अरुणकुमार चौधरी र तत्कालीन बाँसबारी छालाजुत्ता कारखानाका कार्यकारी प्रमुख अजितनारायण सिंह थापा बुधबार हाजिर जमानीमा रिहा भएका थिए ।

भूमिसुधार कार्यालय काठमाडौंका मालपोत अधिकृत बोगराज शर्मा कट्टेलका अनुसार कार्यालयका कर्मचारी र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रतिनिधिले बिहीबार ग्रान्डी अस्पतालमा पुगी ठाकुरलाई बाटोको म्यादबाहेक २१ दिनभित्र उपस्थित हुन पत्र बुझाएका छन् । उनीहरुले ठाकुरलाई पत्र बुझाउँदा टोखा नगर पालिका-६ की वडाध्यक्ष शान्ता खनाललाई रोहबरमा राखेका छन् ।

'त्यो विशुद्ध नेपाल सरकारको जग्गा हो, दुई पटक गरी ६ र ४ रोपनी गरी १० रोपनी जग्गा लिइएको रहेछ', मालपोत अधिकृत कट्टेलले भने, 'सरकारी जग्गा बिक्री गर्ने बेला तत्कालीन श्री ५ को सरकारको निर्णय खोजिएको रहेनछ, मालपोत कार्यालयका तत्कालीन कर्मचारीले सोर्सफोर्स वा कुनै कारण पास गरिदिएछन् ।'

जग्गा बिक्री गर्न तत्कालीन श्री ५ को सरकारबाट कुनै निर्णय भएको भए सञ्चालकले प्रमाण लिएर आउन सक्ने उनले बताए । 'हामीले नदेखेको निर्णय पनि भएको हुनसक्छ, त्यसैले कानुनबमोजिम सजाय दिनुअघि मनासिव सफाइको मौका दिनुपर्छ', उनले भने, 'उनले के प्रमाण ल्याउँछन् वा ल्याउँदैनन्, त्यसअनुसार निर्णय हुन्छ ।'

सो जग्गा धितोमा राखेर कम्पनीले सरकारी स्वामित्वकै नेपाल बैंकबाट २८ करोड ८० लाख रुपैयाँ ऋण लिएको समेत देखिएको मालपोत अधिकृत कट्टेलले बताए । 'यसमा के-कसो भएको हो र अब के गर्ने भन्नेबारे हामी अध्ययन गर्छौं' उनले भने ।

**मुद्दा कमजोर बनाउने तयारी**

सरकारी जग्गा किर्ते गरी ब्यक्तिको नाममा नामसारी गरेको अभियोगमा प्रहरीले मुद्दा चलाउने तयारी गरिरहँदा सरकारले भने जग्गा फिर्ता गराएर मुद्दा कमजोर बनाउने र उन्मुक्ति दिने तयारी थालेको छ ।

जग्गा फिर्ता गर्दा अभियुक्त बिरुद्धको मुद्दा कमजोर हुने र ठगीमा संलग्नहरुमाथि थप कारवाहीको सम्भावना कम हुने भएपछि सरकारले मुद्दा दायर हुनुअगावै जग्गा फिर्ता गराउने तयारी थालेको हो । त्यसो हुँदा चौधरी परिवारका सदस्य थुनामा जानुपर्ने छैन ।

पक्राउ परेका अरुण चौधरीले बयानका क्रममा आफुले जग्गा फिर्ता दिन तयार रहेको बताएका थिए । जग्गा किर्तेमा संलग्न भएका चौधरी परिवारका मुख्य सदस्य बिनोद चौधरीविरुद्ध पनि मुद्दा चल्ने भएपछि उनलाई बचाउने उद्देश्यले सरकारले जग्गा फिर्ताको तयारी गरेको बताइएको छ ।

यसअघि बालुवाटार जग्गा प्रकरणमा पनि एमाले नेता बिष्णु पौडेल र सर्वोच्चका न्यायाधीश कुमार रेग्मीलाई जग्गा फिर्ता गराएर उन्मुक्ति दिइएको थियो । सोही नजिर चौधरीका सन्दर्भमा पनि लागू गराउन खोजिएको छ ।

तत्कालीन बाँसबारी छालाजुत्ता कारखानाले घाटामा गएको कारण देखाउँदै १३ भदौ २०४३ मा च्याम्पियन फुटवेयर प्रालिसँग प्रवर्द्धन सम्झौता गरेको थियो । सम्झौता अनुसार च्याम्पियनमा बाँसबारी छालाजुत्ता कारखानाको २५ प्रतिशत सेयर रहेको थियो ।

त्यसै अनुसार ५ भदौ २०४४ मा बाँसबारी छालाजुत्ता कारखानाको ६ रोपनी जग्गा प्रतिरोपनी २ लाख ५० हजार मूल्य कायम गरेर च्याम्पियन फुटवेयरको नाममा स्वामित्व हस्तान्तरण भएको थियो । मालपोत ऐन, २०३४ अनुसार सरकारी जग्गा कुनै पनि कम्पनीको नाममा नामसारी गर्न मन्त्रिपरिषद् (तत्कालीन श्री ५ सरकार) को स्वीकृति अनिवार्य हुन्छ ।

तर, तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापालाई प्रभावमा पारेर सञ्चालक समितिको निर्णयबाट जग्गा हस्तान्तरण गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

प्रवर्धन सम्झौता गरेर ६ रोपनी जग्गा लिएपछि ५० लाख रुपैयाँ पूँजीको च्याम्पियन फुटवेयरको पूँजी एक करोड कायम गर्दै थप ४ रोपनी जग्गा पनि च्याम्पियन फुटवेयरको नाममा लगिएको थियो । कम्पनी केही वर्षमै बन्द भयो भने सर्वसाधारणले सेयर पनि पाएनन् ।

त्यसपछि बाँसबारी छालाजुत्ता कारखानालाई निजीकरण गर्दा चौधरी समूहले च्याम्पियनको २५ प्रतिशत सेयर पनि किनेको थियो । त्यसपछि कम्पनीलाई प्राइभेट लिमिटेड बनाएर सीजी चाँदबाग रेसिडेन्सीका नाममा सञ्चालन गरिएको थियो । हाल सो जग्गामा चाँदबाग स्कुल सञ्चालन भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ६ महिनामा ११६ अवैध हतियार बरामद, १३४ जना पक्राउ



काठमाडौं/प्रहरीले पछिल्लो ६ महिनामा ११६ अवैध हतियारसहित १ सय ३४ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालका अनुसार, बरामद भएकामध्ये ६ वटा पेस्तोल, ४ रिभल्वर, १७ कटुवा पेस्तोल, ६ बन्दुक, ८१ भरुवा बन्दुक र २ एयर गन छन् ।

पक्राउ परेकाहरुबाट पेस्तोलको गोली ५३ राउण्ड, रिभल्वरको २२ राउण्ड, कटुवाको १७ राउण्ड, बाह्रबोरको १९ राउण्ड, बन्दुकको २० राउण्ड, भरूवाको ९३ राउण्ड र अन्य ३ राउण्ड गरी जम्मा २ सय २७ राउण्ड गोली समेत बरामद भएको ढकालले बताए ।

काठमाडौं उपत्यकाबाट ७ थान हतियार र १४ राउण्ड गोली, कोशी प्रदेशबाट १८ थान हतियार र १५ राउण्ड गोली, मधेश प्रदेशबाट १४ थान हतियार र ६३ राउण्ड गोली, बागमती प्रदेशबाट १८ थान हतियार र २१ राउण्ड गोली, गण्डकी प्रदेशबाट ९ थान हतियार, लुम्बिनी प्रदेशबाट २५ थान हतियार र ७१ राउण्ड गोली, कर्णाली प्रदेशबाट १३ थान हतियार र ६ राउण्ड गोली तथा सुदूरपश्चिम प्रदेशबाट १२ थान हतियार र ३७ राउण्ड गोली बरामद भएको उनले बताए ।

अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सक्रिय रहने नीति अनुसार प्रहरीले अवैध हतियार विरुद्ध सुक्ष्म निगरानी गरिरहेको डीआईजी ढकाल बताउँछन् । त्यसक्रममा १३४ जना पक्राउ परेका हुन्, पक्राउ पर्नेमध्ये ६ जना विदेशी नागरिक छन् ।

'नेपाल प्रहरीले सूचना संयन्त्रलाई बलियो बनाउँदै काम गरेको कारण हातहतियार कारोबारी र हतियार नियन्त्रणमा महत्वपूर्ण सफलता हात पर्दै आएको छ', प्रवक्ता ढकालले भने, 'सरोकारवाला निकायबीचको सहकार्यले यस कार्यमा थप मद्दत पुगेको छ ।'

विभिन्न सम्भावित ठाउँमा सबै प्रकारका अवैध हतियार नियन्त्रण गर्न विशेष टोली परिचालन गरिएको ढकाल बताउँछन् ।

'तस्करी, हत्या, अपहरण, डकैती, लुटपाट, जबरजस्ती चन्दा असुली तथा दुर्लभ वन्यजन्तुको शिकारीमा यस्ता हातहतियार प्रयोग भएको देखिन्छ', ढकालले भने, 'नियन्त्रणमा लिइएका व्यक्ति तथा हतियार सम्बन्धमा हातहतियार तथा खरखजाना सम्बन्धि कसूरमा अनुसन्धान एवम् कारवाही हुने गरेको छ ।'

डीआईजी ढकालले अवैध हतियार कतै लुकाइराखेको थाहा भएका नेपाल प्रहरीलाई सूचना दिन वा सम्बन्धित व्यक्ति स्वयम्लाई पनि प्रहरीसमक्ष अवैध हतियार बुझाउन उनले आग्रह गरे ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म सेन्सरसिपमा निर्मम बन्दै सरकार

काठमाडौं/नेपाली फिल्ममा सेन्सरसिपको प्रावधान हटाउनुपर्ने आवाज अक्सर सुनिन्छ । यसले सृजनात्मक स्वतन्त्रतामा अंकुश लगाउने काम गरेको फिल्मकर्मीहरुको तर्क छ । तर, सरकार भने सेन्सरसिपमा थप निर्मम बनेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ल्याउन लागेको चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८० पारित भएको अवस्थामा अब फिल्म निर्माण गर्न नै कठिनाई हुने देखिन्छ ।

मन्त्रालयले तयार पारेको २० बुँदासहितको मस्यौदामा अपराध गर्न दुरुत्साहन गरेमा, लागू पदार्थ तथा मद्यपानका लागि उत्साहित वा प्रेरित गरेमा, बलात्कार, सम्भोगका दृश्य, द्विअर्थी शब्द, दृश्य तथा संवाद गरेमा, महिलालाई होच्याइएमा वा आलोचना गरिएका दृश्य तथा संवाद राखिएमा, ५ सेकेन्डभन्दा बढी गरिएको चुम्बनका दृश्य भएमा फिल्मलाई प्रदर्शन इजाजत नदिइने उल्लेख छ ।

फिल्म सेन्सरसम्बन्धी कार्यविधिलाई निर्देशक तथा लेखक मनोज पण्डित गणतान्त्रिक सरकारको पञ्चायती सोचको रुपमा टिप्पणी गर्छन् । यो कार्यविधिको घेराभित्र बसेर स्वतन्त्र, श्रृजनशिल आधुनिक, यथार्थपरक र समयसापक्ष फिल्म बनाउन असम्भव हुने उनको जिकिर छ । सरकारले सेन्सरको कैंची थप धारिलो बनाएको बताउँदै उनले अब सरकारसँग लड्नुपर्ने उल्लेख गरेका छन् ।

त्यस्तै, नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुलीले यो कार्यविधिले फिल्म क्षेत्र धरासायी बन्ने तर्क गरेका छन् । फिल्ममा सेन्सर नभइ ग्रेडिङको आवश्यक रहेको उनको सुझाव छ ।

सर्जकलाई कृति सृजना गर्ने स्वतन्त्र रहेकोले त्यसमा राज्यले कुनै पनि खालको हस्तक्षेप गर्न नपाउने बताउँदै उनले फिल्मकर्मीले सेन्सरको हेक्का आफैं राख्ने फेसबुकमा उल्लेख गरेका छन् ।

लेखक सामिप्यराज तिमल्सिनाले सरकारले २००७ साललाई विर्साउने गरी कार्यविधि ल्याएको भन्दै कटाक्ष गरेका छन् । अभिनेत्री लक्ष्मी वर्देवाले फिल्म सेन्सरसम्बन्धी कार्यविधिलाई जनचेतना मुलक सरकारी विज्ञापन मात्रै बनाउनु भन्ने अप्रत्यक्ष आदेशको रुपमा टिप्पणी गरेकी छन् । निर्माता रामकृष्ण पोखरेल भने निरंकुश सेन्सर बोर्ड र निरंकुश सरकारविरुद्ध आन्दोलन गर्नुपर्ने बताउँछन् ।

त्यस्तै, निर्माता प्रदीप कुमार उदयले सेन्सरसम्बन्धी कार्यविधि पढेर आफू एक घण्टा हाँसेको बताउँदै यो पारित भए फिल्म बनाउन नसकिने जिकिर गरेका छन् । 'फिल्म भनेको एक्सनको रियाक्सन हो । फिल्ममा मुख्य थिम भनेको सत्यको जीत हो । तर, सत्यको जीत देखाउनका लागि पहिला असत्य देखाउनु पर्छ । त्यही नै देखाउन नपाउने भएपछि फिल्म कसरी बनाउने ?,' उनको प्रश्न छ ।

सेन्सरसम्बन्धी मस्यौदामा छलफल गर्न बिहीबार सञ्चार मन्त्रालयले फिल्म सम्बद्ध संघसंस्थालाई बोलाएको छ । केही संघ-संस्थाले कार्यविधि तयार हुनु अगावै राय, सुझावसहितको प्रतिवेदन मन्त्रालयलाई बुझाएका थिए । तर, मन्त्रालयले त्यसलाई बेवास्था गर्दै एक्लौटी ढंगबाट मस्यौदा तयार गरेको छ । फिल्मसम्बन्धी विधेयकको मस्यौदाप्रति पनि फिल्मकर्मीहरु असन्तुष्ट देखिएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मोतिबिन्दुका २ सय ५० बिरामीको सफल शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/आँखा परीक्षण शिविरबाट पहिचान भएका २ सय ५० जना मोतिबिन्दुका बिरामीमध्ये १ सय ८ जनाको सफल शल्यक्रिया पश्चात बिहीबार डिस्चार्ज भएका छन् । लायन्स क्लव ईन्टर नेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल र हिमालयन कन्ट्र्याक प्रोजेक्टको संयुक्त आयोजना तथा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा विभिन्न स्थानमा नि:शुल्क आँखा परीक्षण शिविर भएको थियो ।



डिस्चार्ज भएका सबै बिरामीको स्वास्थ्यलाभको कामना गर्दै हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले लायन्स क्लवले गरेका सामाजिक कार्यको प्रशंसा गरिन् । बाँकी १ सय ४२ जना मोतिबिन्दुका बिरामीको बिहीबार शल्यक्रिया भएको लायन्स क्लव ईन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल, एरिया २ का एरिया चिफ जेपी यादवले बताए । बिहीबार शल्यक्रिया भएका सबै बिरामीलाई शुक्रबार डिस्चार्ज गरिने हेटौंडा सामुदायिक आँखा अस्पतालले जनाएको छ ।

मोतिबिन्दुको शल्यक्रिया भएपछि आँखा प्रष्ट देखिएको सिमराकी ६९ बर्षीया सोनादेवीले बताइन् ।

मोतिबिन्दुका सबै आँखा उपचारका लागि अस्पताल जान सक्ने अवस्था नहुँदा घर नजिकै शिविर चलाई नि:शुल्क उपचार गरिदिएकोमा शिविर सञ्चालन गर्ने संस्थालाई उनले धन्यवाद व्यक्त गरिन् । लायन्स क्लव ईन्टर नेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल, एरिया २ अन्तरगत क्रियाशील सम्पूर्ण लायन्स क्लव तथा लियो क्लवको सहकार्यमा माघ २० गतेदेखि २३ गतेसम्म विभिन्न स्थानमा भएको आँखा परीक्षण शिविरमा १ हजार ६ सय १७ जनाको आँखा परीक्षण गरिएको थियो । जसमध्ये २ सय ५० जनामा मोतिबिन्दुका बिरामी पहिचान भएका थिए ।

मोतिबिन्दुका सबै बिरामीलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिएको हो । लायन्स क्लवको वार्षिक भिजन कार्यक्रम अन्तरगत आँखा परीक्षण शिबिर सञ्चालन गरिएको मुख्य कार्यक्रम संयोजक हरिवंश भेटवालले बताए । स्रोत र साधनको अभावमा मोतिबिन्दुका कारण दृष्टिविहिन भएकालाई दृष्टि प्रदान गर्नु कार्यक्रमको उद्देश्य भएको भेटवालले बताए । आँखा परीक्षण शिविर मकवानपुरको शिखरकटेरी, पाथिभरा, बुढिचौर, राईगाउ, बागमती, बाराको इन्नरवासिरा, हरिपुर, हलखोरिया, हरपुर सर्लाहीको रामनगरमा आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो ।

# मकवानपुरमा ४ वटा बालविवाह रोकियो

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ मकवानपुरमा स्थानीय तह र सिविन बाल हेल्पलाइनको सक्रियतामा ४ वटा बालविवाह रोकिएको छ । मकवानपुरको कैलाश गाउँपालिका वडा नं ३ मा २० र २१ वर्षीय युवाहरु, राक्सिराङ गाउँपालिका वार्ड न ३ का १३ र १४ वर्षीय बालिकाबीच हुन लागेको बालविवाह बदर गरिएको हो ।

दुईदिन अघि विवाह हुन लागेको सूचना हिमराइट्स मकवानपुरमा आएपछि बालहेल्पलाइन १०९८, राक्सिराङ गाउँपालिका वार्ड ३ को सक्रियतामा बालविवाह रोकिएको हो । वडाअध्यक्ष उत्तम वाइबा, कैलाश गाउँपालिका वडा नं. ३ का अध्यक्ष तिलकबहादुर मोक्तान र इलाका प्रहरी कार्यालय मनहरीको समेत विशेष पहल रहेको हिमराइट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाइबाले जानकारी दिइन् ।

बालिकाहरु र युवाहरु, दुवैपक्षका अभिभावक, वडाप्रतिनिधि, हिमराइट्सकी कुमारी वाइबा, बालहेल्पलाइनका प्रवन्धक झविन्द्र ज्ञवाली, प्रजाजागृति माविका शिक्षक रामप्रसाद सापकोटाको सहभागितामा बालविवाह रोकिएको हो । मनहरी गाउँपालिका वार्ड न. ४ की १५ वषकी बालिका र हेटौंडा-३ बसामाडीका १८ वर्षका बालक, त्यसैगरी मकवानपुरगढी गाउँपालिका-२ की १८ वर्षीया बालिका र हेटौंडा-१७ का २५ वर्षका युवासँग विवाह हुन लागेको सूचना बालहेल्पलाइन १०९८ मा प्राप्त भएपश्चात जनप्रतिनिधि, बालहेल्पलाइन प्रतिनिधि र दुवै परिवारका अभिभावक सहित बालिकाहरुको उद्दार गरिएको थियो ।

उनीहरुलाई बाल हेल्पलाइनमा छलफलपश्चात बालविवाहका सम्बन्धमा २० वर्ष पूरा नभइ अब विवाह नगर्ने र अभिवकले पनि यस विषयमा आफूहरु बालबालिकाको निगरानी गर्ने र यस्ता घटना दोहोऱ्याउन नदिने प्रविबद्धता गरेको बालहेल्पलाइनकी कार्यक्रम अधिकृत सम्झना अधिकारीले बताइन् । बालबालिकालाइ थप परामर्शको लागि बाल हेल्पलाइनको संरक्षणमामा राखिएको जनाइएको छ ।

# प्रदेश सरकारविरुद्ध प्रमुख प्रतिपक्ष रुष्ट, प्रतिवादमा उत्रिने

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेश सरकारविरुद्ध प्रमुख प्रतिपक्षी दल नेकपा एमाले रुष्ट बनेको छ । प्रतिपक्ष दलसँग गरेको सहमति कार्यान्वयन नगरेको र सदनलाई बन्धक बनाएको भन्दै एमालेले अुन्तष्टि पोखेको छ ।



हिउँदे अधिवेशन बोलाउन ढिलाई गरेकोप्रति प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले असन्तुष्टि व्यक्त गरेको हो । सदनलाई बन्द गरेर सरकारले जनताको अधिकारलाई बञ्चित गरेको एमालेले आरोप लगाएको छ ।

हेटौंडामा बिहीवार पत्रकार सम्मेलन गर्दै संसदीय दलका नेता जगन्नाथ थपलियाले आफूहरु सरकारलाई सहयोग गर्न तयार रहे पनि सरकार भने सदन नै नचलाउने खेलमा लागेको बताए । गठबन्धन सरकारको गतिविधिलाई चुप लागेर हेरेर बस्न नसकिने उनको भनाई थियो ।

नेता थपलियाले गठबन्धन सरकारको बर्हीगमन जरुरी भइसकेको समेत बताए । वर्तमान सरकारको काम कारवाहीबाट प्रदेशको उन्नति र विकास हुन नसक्ने उनले जिकिर गरे । नेता थपलियाले अब जनताले नै सडकबाट सरकार लाई खबरदारी गर्नुपर्ने बताए । नेता थपलियाले प्रदेशसभा बैठक तत्काल नबोलाए लिखित हस्ताक्षर बाटै संसद् बैठकको माग गर्ने चेतावनी समेत दिए ।

जिम्मेवार प्रतिपक्षी दलको नाताले पनि आफूहरु गलत कुराको प्रतिवाद गर्न पछि नहट्ने उनले बताए । बजेटको विषयमा एमालेले गठबन्धनसँग कुनै बार्गेनिङ नगरेको पनि नेता थपलियाले स्पष्ट पारे । सत्तापक्ष र प्रतिपक्षबीचको समझदारी पालना हुनुपर्ने उनको भनाई थियो । प्रदेश सरकार ऐन निर्माण र विकास निर्माणको कार्यमा पूर्णरुपमा असफल भएको एमालेले ठहर गरेको छ ।

# सशस्त्रका ४ जना डीआईजीको काज सरुवा



काठमाडौँ, २५ माघ/ उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सशस्त्र प्रहरीका ४ जना सशस्त्र प्रहरी नायव महानिरीक्षकहरुको काज सरुवा गरेका छन् । डीआईजी गणेशबहादुर ठाडामगरलाई नम्बर-३ गढीमाई मुख्यालय मकवानपुरमा सरुवा गरिएको छ ।

नम्बर-६ बाहिनी सुर्खेतमा दुर्गाप्रसाद भट्टराई पठाइएको छ । लक्ष्मणबहादुर सिंहलाई प्रधान कार्यालयस्थित सीमा सुरक्षा विभाग र प्रदीपकुमार पाललाई राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सरुवा गरिएको सशस्त्र प्रहरी बल प्रधान कार्यालयले जनाएको छ ।

# क्यानडाविरुद्धको डेब्यू खेलमै रिजनले लिए विकेट

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ क्यानडासँगको पहिलो एक दिवसीय क्रिकेटमा नेपालका लागि डेब्यू गरेका हेटौंडका क्रिकेटर रिजन ढकालले डेब्यु खेलमै विकेट लिए ।

क्यानडासँगको पहिलो खेलमा पहिलो विकेटको ब्रेक थ्रु दिलाएका रिजनले राष्ट्रिय टिमबाट डेब्यू गर्दा प्रेसर भन्दा बढी उत्सुकता रहेको बताए । २२५ रनको सामान्य लक्ष्य जोगाउने प्रेसर रहेको नेपालका लागि उनले क्यानडाका ओपनर नवनित दलिवाललाई ६ रनमा विकेटकिपर आसिफ शेखको हातबाट क्याच आउट गराए ।

करिअरकै पहिलो अन्तर्राष्ट्रिय विकेट लिएका रिजन भन्छन्, 'दिउँसोको कन्डिसन फास्ट बलरलाई फेभर हुँदैन । बल हल्का स्विङ हुँदै थियो । ब्याटरलाई फ्रन्ट फुटमा ल्याएर खेलाउने योजना थियो त्यही सफल भयो ।', क्यानडामाथि ७ रनको रोमाञ्चक जित हात पारेपछि उनले भने, 'राष्ट्रिय टिममा डेब्यू गर्ने सबैको सपना हुन्छ । मेरो लागि यो प्रेसर भन्दा पनि बढी उत्सुकता थियो ।',

उनी टिममा पर्ने विात्तिकै डेब्यू गर्न पाउँदा खुसी छन् । 'सबै खेलाडीको इच्छा हुन्छ । टिममा पर्ने बित्तिकै डेब्यु पनि गरें,' उनले भने । प्रधानमन्त्री कपमा बागमती प्रदेशबाट राम्रो बलिङ गरेका बायाँ हाते बलर रिजन त्यही प्रदर्शनका आधारमा टिममा परेका थिए । आफूले पहिलो पटक ठूलो समर्थकको अगाडि खेलेको भए पनि यसलाई सामान्य नै मानेर खेलेको उनले बताए ।

# मकवानपुर गोल्डकपको फाइनलमा एपीएफ




साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ विभागी टोली सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लब हेटौंडामा जारी छैठौं स्थानीय तह शहीदस्मृति गोल्डकपको फाइनलमा पुगेको छ ।

गौरीटार रंगशालामा बिहीवार भएको दोस्रो सेमिफाइनल खेलमा एपीएफले सर्लाहीको बागमती युवा क्लबलाई ४-० गोलको फराकिलो अन्तरले पराजित गरेको छ । एपीएफको जितमा अनिष महर्जन, प्रदिप लामा, सोङ र फोडे फोफनाले समान एक-एक गोल गरे ।

महर्जनले ४४ औं मिनेटमा हेडमार्फत गोल गर्दै खाता खोले । लामाको हेड गोलबाट एपीएफले खेलको ६० औं मिनेटमा अग्रता दोब्बर बनायो । फोडे फोफनाको पासमा विदेशी खेलाडी सर्ज संगले ८१ औं मिनेटमा तेस्रो गोल गरे । फोफनाले दोस्रो हाफको अन्तिम मिनेटमा विजयी गोल गरे । खेलमा एपीएफका अनिष महर्जन म्यान अफ दी म्याच घोषित भए । उनले १० हजार नगद पुरस्कार पाएका छन् ।

एपीएफले उपाधिका लागि न्यूरोड टिम (एनआरटी) फुटबल क्लबसँग २७ माघ शनिवार प्रतिस्पर्धा गर्नेछ । एनआरटीले बुधवार राजारानी क्लब धनकुटालाई सडनडेथमा पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा भएको गोल्डकपको विजेताले नगद १५ लाख र उपविजेताले १० लाख पाउने छ । सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइकल हात पार्नेछ ।


## ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


## ज्योती बचत तथा ऋण सहकारी संस्था लि.
## वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस ज्योती बचत तथा ऋण सहकारी संस्था लि.को प्रथम बार्षिक साधारणसभा मिति २०८० साल माघ २७ गते शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाईसकेका छौं । यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भइदिनु हुन सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**मिति :** २०८० माघ २७ गते शनिबार
**समयः** दिउँसो १२:०० बजे
**स्थानः** आश्री इन्टरनेशनल प्रा.लि., हेटौंडा-२, संगमचोक

**ज्योती बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

## सूचना सूचना सूचना

यहि आउँदो २०८० साल फाल्गुण १ र २ गते श्रीपञ्चमीमा पौराणिक पद्धतिअनुसार सञ्चालन हुने ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) मा सहभागी गराउन चाहने बच्चाहरुको नाम लेखाउन तलको ठेगानामा सम्पर्क राखी नाम लेखाउन अनुरोध गर्दछौं ।

**सम्पर्क:**
हरिश्चन्द्र श्रेष्ठ
राप्तीरोड-१०, हेटौंडा
९८४५५६८५९९

**आयोजक:**
**ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) गुठी परिवार**
मकवानपुर हेटौंडा

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना